# स्थानीय राजपत्र

बौदीकाली गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ८, भाग २, संख्या १४, मिति २०८१ चैत्र २७ गते

## भाग-२

## बौदीकाली गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय,

## डेढगाउँ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम बौदीकाली गाउँपालिका, गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### बौदीकाली गाउँपालिकामा लोकसेवा आयोग तथा शिक्षक सेवा आयोग तयारी कक्षा संचालन सम्बन्धी कार्यविधि - २०८१

**प्रस्तावनाः** बौदीकाली गाउँपालिका भित्र स्थायी रुपमा बसोबास गर्ने आर्थिक तथा सामाजिक रुपले पछाडि परेका समुदाय र व्यक्तिहरुलाई विभिन्न प्रतियोगितात्मक परीक्षाहरुमा सक्रिय रुपमा सहभागी गराउदै सरकारी सेवा प्रवेशमा जागरुक गराई सरकारी सेवा प्रवेश प्रतिको सकारात्मक भावना अभिवृद्धि गराउने उद्देश्यले लोकसेवा आयोग, शिक्षक सेवा आयोगका विभिन्न प्रतियोगितात्मक परीक्षाहरुमा सहभागी हुन इच्छुक व्यक्तिहरुका लागि निःशुल्क प्रतियोगितात्मक परीक्षा तयारी कक्षा संचालन गर्न गाउँ कार्यपालिकाद्वारा यो कार्यविधि निर्माण गरी लागु गरिएको छ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यो कार्यविधिको नाम **"बौदीकाली गाउँपालिकाको लोकसेवा आयोग तथा शिक्षक सेवा आयोग तयारी कक्षा संचालन सम्बन्धी कार्यविधि, २०८१"** रहेको छ ।

(ख) यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

**२. अर्थ र परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"छनोट समिति"** भन्नाले कार्यविधिको दफा ७ अनुसारको समितिलाई जनाउँदछ ।

(ख) "संस्था" भन्नाले नेपाल सरकार वा यस अन्तर्गतका निकायबाट संचालनको अनुमति लिई लोकसेवा आयोग तथा शिक्षक सेवा आयोगका तयारी कक्षा संचालन गर्ने निकाय सम्झनुपर्दछ ।

## परिच्छेद-२

**३. तयारी कक्षा संचालनको उद्देश्यः-**

- लोकसेवा आयोग तथा शिक्षक सेवा आयोग तयारी कक्षा संचालनको माध्यमबाट निश्चित योग्यता पुगेका युवाहरुलाई सरकारी सेवा प्रवेशमा आकर्षित गर्ने,
- दक्ष जागरुक युवाहरुलाई स्वदेशमा सेवा गर्ने वातावरण सिर्जना गर्ने,

**४. कार्यक्रमका लागि लक्षित समूहः-**

- बौदीकाली गाउँपालिका भित्र स्थायी बसोबास गर्ने लोकसेवा आयोग तथा शिक्षक सेवा आयोगको तयारी कक्षाको लागि योग्यता पूगेका युवाहरुलाई सहभागी गराइनेछ।

**५.तयारी कक्षा संचालन गर्ने क्षेत्र तथा तहहरु**

| क्र.स. | सेवा | विषय | कक्षा संचालन हुने तह/पद/श्रेणी | सहभागी | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्राविधिक | सम्पूर्ण चरणको तयारी कक्षा | राजपंत्र अनङ्कित प्रथम श्रेणी, द्धितिय श्रेणी | छनौट समितिले सिफारिस गरेका | |
| २ | अप्राविधिक | सम्पूर्ण चरणको | शाखा अधिकृत | छनौट | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | तयारी कक्षा | नायब सुब्बा<br>खरिदार वा सो सरह<br>अधिकृत सातौं<br>वरिष्ठ सहायक पाचौ<br>सहायक चौंथो | समितिले सिफारिस गरेका | |
| ३ | शिक्षक सेवा आयोग | सबै विषयको | माध्यामिक तह<br>निम्न माध्यामिक तह<br>प्राथमिक तह | छनौट समितिले सिफारिस गरेका | |
| ४ | विविध | सबै विषयको | कम्प्युटर अपरेटर, महिला सहायक निरिक्षक वा सो सरह | छनौट समितिले सिफारिस गरेका | |

## परिच्छेद ३

**६. कार्यक्रम कार्यान्वयन प्रक्रियाः-**

**क) सहभागी छनोटः**

योग्यता पूगेका ईच्छुक युवाहरुको खुला सूचनाद्धारा माग संकलन गर्ने,

प्राप्त निवेदन अध्ययन गरी सहभागी छनोट तथा अनुगमन समितिले तयारी कक्षा संचालनको लागि क्षेत्र सेवा तथा तह निर्धारण गरी सोहि अनुसार सहभागी संख्या निर्धारण गर्ने ।

सहभागी छनोट गर्दा आर्थिक रुपमा विपन्न तथा सामाजिक रुपमा पिछडिएका क्षेत्र तथा समुदायका व्यक्तिहरुलाई प्राथमिकता दिनुपर्नेछ ।

**ख) निवेदन दिने-**

तयारी कक्षामा सहभागी हुन चाहने सहभागीहरुले अनुसूची १ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ।

**ग) विषयवस्तु निर्धारण सम्बन्धी व्यवस्थाः-**

तयारी कक्षा संचालन सम्बन्धी विषयवस्तु सम्बन्धित तह र सेवाको लागि लोकसेवा आयोग तथा शिक्षक सेवा आयोगले निर्धारण गरेको पाठ्यक्रम अनुरुप हुनेछ।

**७) गाउँपालिका स्तरीय सहभागी छनोट तथा अनुगमन समिति गठन सम्बन्धी व्यवस्थाः-**

प्रशिक्षार्थी छनोट तथा तयारी कक्षा संचालन कार्यलाई थप व्यवस्थित गर्नका लागि गाउँपालिकामा एक समिति गठन हुनेछ। जसमा तपसिल अनुसारका पदाधिकारीहरु रहनेछन्।

<u>तपसिलः-</u>

गाउँ शिक्षा समितिको संयोजकः- संयोजक

अनुगमन समितिको संयोजकः- सदस्य

प्रमुख प्रशासकिय अधिकृतः- सदस्य

सामाजिक विकास समितिको संयोजकः- सदस्य

गाउँपालिकाको शिक्षा,युवा तथा खेलकुद शाखा प्रमुखः- सदस्य सचिव

**८)समितिको काम,कर्तव्य र अधिकारः-**

गाउँपालिका स्तरीय सहभागी छनौट तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

- ❖ तालिमको लागि सहभागी छनोट गर्ने,
- ❖ कक्षा संचालनका लागि योग्य प्रशिक्षक छनोट गर्ने,
- ❖ पालिका अन्तर्गतका वडा कार्यालयहरु सँग आवश्यक समन्वय तथा सहकार्य गर्ने,
- ❖ आवश्यकता अनुसार कक्षामा सहभागी भएका तथा पालिका भित्रका तयारी कक्षामा सहभागी गराउन नसकिएका सहभागीको शूल्क भुक्तानीको लागि समितिले आवश्यक अनुगमन मूल्याङकन गरी निर्णय दिन सक्नेछ।
- ❖ समितिले तयारी कक्षाको प्रभावकारीताका लागि आवश्यक कार्यविधि आफैं निर्माण गर्नेछ।

❖ समितिले तयारी कक्षाको नियमित अनुगमन मूल्याङ्कन गरी गाउँपालिकामा प्रतिवेदन दिनुपर्नेछ।

## परिच्छेद-४

### ९) कार्यक्रमका सहभागी तथा खर्च गर्ने आधारहरुः-

- ✓ गाउँपालिकाले लोकसेवा आयोग तथा शिक्षक सेवा आयोग तयारी कक्षा  संचालन गर्ने कार्यक्रमको लागि छनोट समितिले सिफारिस गरे बमोजिमको सहभागी संख्या तय गरिनेछ।
- ✓ सोही आधारमा लोकसेवा आयोग तथा शिक्षक सेवा आयोग तयारी गराउने संस्थासँग समन्वय  तथा सम्झौता गरी कार्यक्रम संचालन गरिनेछ ।
- ✓ तर तयारी कक्षा संचालन गराउने निकायले प्रस्तावनामा भन्दा कमको लागत पेश गरेमा सोही प्रस्तावना बमोजिम खर्च निर्धारण हुनेछ ।
- ✓ कक्षाका सहभागी विना सूचना लगातार एकहप्तासम्म कक्षामा सहभागी नभएमा निजको कक्षा तथा बसाई लगायतको अन्य आवश्यक खर्च गाउँपालिकाले उपलब्ध गराउने छैन।
- ✓ पालिकाभित्र  तयारी कक्षा संचालन गर्न नसकिएको खण्डमा अन्यन्त्र तयारी कक्षा लिएको आधिकारिक प्रमाण पेश गर्ने प्रशिक्षार्थीहरुको हकमा निज अध्ययरत संस्थाले तोकेको शुल्क उपलब्ध गराउन सकिनेछ ।

### १०) तयारी कक्षा संचालन गर्ने संस्थाको छनोटः-

क) गाउँपालिकाले लोकसेवा आयोग तथा शिक्षक सेवा आयोग तयारी कक्षा संचालन गर्नका लागि आर्थिक, व्यवस्थापकिय तथा प्राविधिक प्रस्ताव पेश गर्नका लागि १५ दिने सूचना प्रकाशन गरिनेछ।तोकिएको समयावधिभित्र प्राविधिक र आर्थिक प्रस्ताव पेश गरेका संस्थाहरु मध्येबाट गाउँपालिकाले उत्कृष्ट, प्रभावकारी तयारी कक्षा संचालन गर्ने संस्था छनोट गरी अनुसूची-३ बमोजिम सम्झौता गर्नेछ।

ख) लोकसेवा आयोग तथा शिक्षक सेवा आयोग तयारी कक्षा संचालन गर्ने भिन्न- भिन्न संस्था भएतापनि आवश्यकता र प्रभावकारिताका आधारमा छनोट गर्न सकिनेछ।

ग) तयारी कक्षा भौतिक उपस्थितमा तथा अनलाइन माध्यमबाट समेत संचालन गर्न सकिनेछ।

**११) तयारी कक्षा संचालन गर्ने संस्थाको काम कर्तव्य र अधिकारः-**

पालिका बाट छनोट भएका तयारी कक्षा संचालन गर्ने संस्थाको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

१. गाउँपालिकासँग भएको सम्झौता अनुरुप कार्य गर्ने, गराउने,
२. कुनै सहभागी लगातार तीन दिनसम्म अनुपस्थित भएमा गाउँपालिकालाई यथासिघ्र जानकारी गराउने,
३. लोकसेवा आयोग तथा शिक्षक सेवा आयोगले तोकेको पाठ्यक्रममा आधारित भई दक्ष प्रशिक्षकद्धारा प्रभावकारी कक्षा समयमै संचालन गर्ने,
४. गाउँपालिकाले मागेको सूचना समयमै प्रदान गर्ने,
५. आवश्यकता अनुसार सहभागीको प्रगति प्रतिवेदन सम्बन्धी जानकारी पालिकालाई गराउने।

**१२) सहभागीको काम, कर्तव्य र अधिकारः-**

आयोग तयारी कक्षाका लागि गाउँपालिकाबाट छनोट भएका सहभागीहरुको काम कर्तव्य अधिकार देहाय बमोजिम हुनेछ।

१. भर्ना भएका सहभागी नियमित तोकिएको समयमा उपस्थित हुने,
२. बाधा अड्चन भएमा गाउँपालिका र तयारी गराउने संस्थासँग समन्वय गर्ने,
३. लोकसेवा आयोग र शिक्षक सेवा आयोगले प्रकाशन गरेको सूचना बमोजिम आवेदन दिइ परिक्षामा सहभागी हुने,
४. गाउँपालिका र तयारी कक्षा संचालन गराउने संस्थाले तोकिएको कार्य गर्ने,

**१३) सहभागीहरुको योग्यता र उमेरः-**

तालिममा सहभागी हुने प्रशिक्षार्थिहरुको योग्यता र उमेरको हद लोकसेवा आयोग तथा शिक्षक आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

**१४) अनुगमन सम्बन्धी व्यवस्थाः-**

तयारी कक्षाको प्रभावकारीताका लागि आवश्यकता अनुसार गाउँपालिकाबाट अनुगमन हुनेछ।

**१५) बाधा अड्काउ फुकाउने अधिकारः**

**कार्यविधि अनुसार कार्यक्रम** कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

**१६) संशोधन एवम हेरफेरः-**

यस कार्यविधिमा संशोधन गर्न आवश्यक ठानेमा गाउँ कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ।

## अनुसूची-१

## लोकसेवा तथा शिक्षक सेवा आयोग तयारी कक्षामा सहभागीताका लागि आवेदन फारामको ढाँचा

फोटो

मितिः-............................

श्री संयोजक ज्यू,
गाउँपालिका स्तरीय सहभागी छनौट तथा अनुगमन समिति,
बौदीकाली गाउँपालिका, नवलपरासी (ब.सु.पू.)

विषयः- लोकसेवा आयोग तथा शिक्षक सेवा आयोग तयारी कक्षामा सहभागी हुन पाउँ।

प्रस्तुत विषयमा ताहाँ गाउँपालिकाबाट मिति ............................... मा लोकसेवा आयोग तथा शिक्षक सेवा तयारी कक्षा संचालनका लागि प्रकाशित सूचना बमोजिम नवलपरासी (ब.सु.पू.) जिल्लाको बौदीकाली गाउँपालिका वडा नम्बर......... मा स्थायी निवासी ............................को छोरा/छोरी/बुहारी म निवेदक................................. ले लोकसेवा आयोग/ शिक्षक सेवा आयोगको परीक्षामा सहभागी हुन आवश्यक न्युनतम योग्यता, मापदण्ड पुरा गरेकाले तहाँ गाउँपालिकाबाट उपलब्ध हुने लोकसेवा आयोग/ शिक्षक सेवा आयोग तयारी कक्षामा सहभागी हुन पाउँ भनी यो निवेदन पेश गर्दछु। सूचनामा माग भएबमोजिमका आवश्यक कागजातहरु प्रमाणित गरी यसै निवेदन साथ संलग्न राखी पेश गरेको छु।

नामथरः-
स्थायी ठेगानाः-
हालको ठेगानाः-
जन्ममितिः-
शैक्षिक योग्यताः-

उत्तीर्ण गरेको सालः-

प्राप्तांक प्रतिशत/जी.पि.एः-

यस अघि अन्यत्र तयारी कक्षामा सहभागी भए/नभएकोः-

तयारी कक्षा लिन चाहेको माध्यम (पालिकाले संचालन गरेको कक्षा वा अन्यत्र संचालित कक्षा)-

तयारी कक्षामा सहभागी हुन चाहेको पद/तह/सेवा/समूहः-

तयारी कक्षामा सहभागी हुन चाहेको विषयः-

## अनुसूची-२

## तयारी कक्षा प्रदायक संस्थासँग गाउँपालिकाले गर्नुपर्ने सम्झौता पत्रको ढाँचा

बौदीकाली गाउँपालिका, नवलपरासी (ब.सु.पू.) (यसपछि प्रथम पक्ष भनिनेछ) र ..........................जिल्ला ........................... गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका........................वडा नं स्थित......................... (यसपछि दोस्रो पक्ष भनिनेछ) बिच लोकसेवा आयोग तथा शिक्षक सेवा आयोग तयारी कक्षा मिति...................... देखि....................सम्म संचालन गर्नको लागि गरेको सम्झौता पत्र।

प्रथम पक्षले गर्नुपर्ने कामः-

१. तयारी कक्षा पुरा भएपछि सहभागी संख्या/प्रगति प्रतिवेदनका आधारमा दोस्रो पक्षलाई रकम उपलब्ध गराउने।
२. तयारी कक्षाको नियमित अनुगमन तथा मूल्याङकन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्ने।
३. तयारी कक्षामा सहभागी हुने सहभागीको विवरण दोस्रो पक्षलाई उपलब्ध गराउने।
४. दोस्रो पक्षसँग नियमित समन्वय गर्ने।

दोस्रो पक्षले पालना गर्नुपर्ने शर्तहरुः-

१. लोकसेवा आयोग र शिक्षक सेवा आयोगको तोकिएको पदका लागि निर्धारण गरिएको पाठ्यक्रममा आधारित भएर तयारी कक्षा संचालन गर्ने।
२. सहभागीको विवरण गाउँपालिकामा पेश गर्ने।
३. तोकिएको पदका लागि तोकिएको पाठ्यक्रमको सबै पत्रको सबै विषयवस्तु (पुरै कोर्ष) नियमित तयारी कक्षा संचालन गर्ने।
४. कुनै सहभागी लगातार ३ दिनसम्म अनुपस्थित भएमा गाउँपालिकालाई जानकारी गराउने र १५ दिनसम्म अनुपस्थित भएमा अर्को वैकल्पिक उम्मेदवारलाई सहभागी गराउने।
५. निरन्तर गाउँपालिकासँग समन्वय गर्ने र गाउँपालिकाले दिएको पृष्ठपोषण कार्यान्वयन गर्ने।
६. तयारी कक्षा सम्पन्न पश्चात अन्तिम प्रतिवेदन गाउँपालिकामा पेश गर्ने।
७. गाउँपालिकाले माग गरेको आवश्यक कागजात पालिकामा पेश गर्ने।

<u>दोस्रो पक्षको तर्फबाटः-</u>        <u>प्रथम पक्षको तर्फबाटः-</u>

| | |
|---|---|
| नामथरः- | नामथरः- |
| पदः- | पदः- |
| ठेगानाः- | ठेगानाः- |
| दस्तखतः- | दस्तखतः- |
| सम्पर्क नः- | सम्पर्क नः- |
| मितिः- | मितिः- |

| | |
|---|---|
| <u>रोहबर</u> | <u>रोहबर</u> |
| नामथरः- | नामथरः- |
| पदः- | पदः- |
| ठेगानाः- | ठेगानाः- |
| दस्तखतः- | दस्तखतः- |
| सम्पर्क नः- | सम्पर्क नः- |

प्रमाणीकरण मिति : २०८१/१२/२७

आज्ञाले
उज्वल बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत
बौदीकाली गाउँपालिका